नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौँ, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :- ११४८

मिति : २०७७।०८।०५

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सात वटै प्रदेश ।
श्री स्थानीय तहहरु सबै ।

संघ, प्रदेश र स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको काममा परिचालन गर्ने सन्दर्भमा यस मन्त्रालय (सचिवस्तर) को मिति २०७७।०७।२८ को निर्णयानुसार देहाय बमोजिम गर्ने गरि निर्णय भएकोले सोही अनुसार गर्ने, गराउने व्यवस्था हुन अनुरोध छ ।

तपसिल

१. समायोजन भई अन्यत्र रमाना लिनु पर्ने स्वास्थ्य सेवाका कर्मचारीहरुलाई हाल कार्यरत कार्यालयबाट कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका काममा लगाउनु पर्ने आवश्यकता भएमा कोभिड अवधिभर रमाना नदिई साविक तह तथा कार्यालयमा कामकाज लगाई तलब भत्ता भुक्तानी गर्ने ।
२. अस्पतालमा कार्यरत अन्यत्र समायोजन भएका स्वास्थ्यकर्मीहरुलाई कोभिड अवधिभर रमाना नदिई साविक अस्पतालमा कामकाज लगाई तलब भत्ता भुक्तानी गर्ने ।
३. यस अघि कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका लागि कामकाज गर्न खटाईएका कर्मचारिहरुलाई पूर्ववत कामकाज लगाई तलब भत्ता भुक्तानी गर्ने ।
४. यस मन्त्रालयबाट कोभिड-१९ को काममा खटाईने कर्मचारीहरुलाई सोही बमोजिम कामकाज लगाई तलब भत्ता भुक्तानी गर्ने।
५. प्रदेश तथा स्थानीय तहमा समायोजन भई रमाना लिई आएका स्वास्थ्य सेवाका कर्मचारीहरुलाई सम्बन्धित निकायले अनिबार्य रुपमा हाजिर गराई कामकाज लगाउने ।

(प्रमोद सिंखडा)
उप-सचिव